# Siddhalek Rural Municipality

Office of Municipal Executive
Bungchung, Dhading
Bagmati Province, Nepal

**Invitation for Bids**

Fourth time Notice Publication Date: 2080.08.27

Siddhalek Rural Municipality, Office of Municipal Executive, Bungchung, Dhading invites electronic bids for the following works under National Competitive Bidding (NCB)

| S. N. | Invitation for Bids No. | Name of Project | Estimated Amount (without VAT) | Bid Security | Last Date of Bid Submission | Bid opening Date | Cost of Bidding Document (Nrs) |
|---|---|---|---|---|---|---|---|
| 1 | REVENUE/01/ 2080/081 | Revenue collection of stone, sand, aggregate, gravel and riverbed materials | 87,31,387.93 | 4,36,570.00 | 2080.09.04, 12 noon | 2080.09.04, 1 pm | 3000.00 |

Eligible Bidder may obtain further and detail information from Siddhalek official web site www.siddhalekmun.gov.np and shall take part in bidding process from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

सिद्धलेक गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

**सिद्धलेक गाउँपालिका भित्रको क्षेत्रबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, वेस, चिप्स लगायत नदिजन्य पदार्थहरुको उत्खनन्, संकलन, प्रशोधन, ढुवानी, वितरणको लागि बिक्रि शुल्क संकलनको बोलपत्र फारम**

प्रथम पटक सूचना प्रकाशन भएको मिति : २०८० भदौ १३

दोश्रो पटक सूचना प्रकाशन भएको मिति : २०८० असोज १५

तेश्रो पटक सूचना प्रकाशन भएको मिति : २०८० कार्तिक १४

चौथो पटक सूचना प्रकाशन मिति : २०८० मंसिर २७

बोलपत्र खरिद/पेश गर्ने अन्तिम मिति र समय : २०८० पुष ०४ गते १२:०० बजे सम्म

बोलपत्र खोलिने मिति र समय : २०८० पुष ०४ गते १३:०० बजे

बोलपत्र फारम दस्तुर रु : ३,०००।- (तीन हजार मात्र)

**बोलपत्र पेश गरिएको कार्यालय**
सिद्धलेक गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ

बोलपत्रदाताको विवरण

फर्मको नाम : ..............................

ठेगाना : ..............................

सम्पर्क फोन नं. : ..............................

सञ्जय बहादुर स्याङतान
प्रमुख प्रशासकीय अधिकृत

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बुङचुङ, धादिङ
## बागमती प्रदेश नेपाल

**सिद्धलेक गाउँपालिको क्षेत्र भित्रबाट निकासी तथा विक्री हुने ढुङ्गा, गिट्टी, वालुवा, वेस, चिप्स लगायत नदिजन्य पर्दाथहरुको उत्खनन्, संकलन, प्रशोधन, ढुवानी, वितरणको लागि विक्रि शुल्क संकलनको बोलपत्र फारम**

**१. बोलपत्र पेश गरेको कार्यालयः सिद्धलेक गाउँ कार्यापालिकाको कार्यालय,** बुङचुङ, धादिङ

**२. कामको विवरण :** मिति : २०८० मंसिर २१ गते प्रकाशित सूचनामा उल्लेख भए अनुसार आ.व. २०८० ⁄ ०८१ को लागि यस कार्यालयबाट नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, प्रचलित संघीय ऐन, गाउँ पालिकाको आर्थिक ऐन र सिद्धलेक गउँ कार्यपालिकाको निर्णय बमोजिम सिद्धलेक गाउँपालिका क्षेत्रको क्षेत्रवाट उत्पादन तथा उत्खनन हुने ढुङ्गा, गिट्टी, वालुवा, वेस, चिप्स लगायत नदिजन्य पर्दाथहरुको उत्खनन्, संकलन, प्रशोधन, ढुवानी, वितरणको लागि विक्रि शुल्क उठाउने कार्य ।

**३. कबोल अंक**

| कवोल रकम वार्षिक (मु.अ.क) बाहेक | | धरौटी रकम | |
|---|---|---|---|
| **अंकमा** | **अक्षरमा** | **कबोल रकमको ५ ( पाँच) प्रतिशत अंकमा** | **कबोल रकमको ५ (पाँच) प्रतिशत अक्षरमा** |
| | | | |

सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुङचुङ, धादिङबाट माथी उल्लेखित मितिमा प्रकाशित सूचना बमोजिम उक्त कामको लागि प्रकाशित सुचनामा उल्लेखित शर्तहरुको अधिनमा रही उपरोक्त अनुसारको रकम कबोल गरी यो बोलपत्र फारम पेश गरेको छु ।

सन्जय बहादुर स्याङतान
प्रमुख प्रशासकीय अधिकृत

बोलपत्र पेश गर्ने फर्म वा कम्पनीको

| | | |
|---|---|---|
| नाम : | | फर्मको छाप : |
| ठेगाना | | |
| दस्तखत: | | |
| प्रोपराइटर : | | सम्पर्क टेलिफोन न.: |
| मिति : | | |

सन्जय बहादुर स्याङतान
प्रमुख प्रशासकीय अधिकृत

यो बोलपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु :

१. फर्म दर्ता वा नवीकरण प्रमाणपत्र :

२. कर दर्ता प्रमाणपत्र :

३. कर चुक्ता प्रमाणपत्र :

४. दरभाउपत्र पेश गरेको निवेदन (Letter of Bid) :

५. कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा :

६. अख्तियारनामा (Letter of Autonomy) :

७. धरौटी वापतको रकम जम्मा गरेको बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको बिड बण्ड:

८. अन्य कागजात केही भए खुलाउने,

**बोलपत्र आव्हान गर्ने कार्यालयको आधिकारीक व्यक्तिको दस्तखत र कार्यालयको छाप**

CamScanner

सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

बागमती प्रदेश, नेपाल

## आ.व. २०८०/०८१ को लागि नदिजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हानको सम्वन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशन भएको मिति : २०८० भदौ १३*

*दोश्रो पटक सूचना प्रकाशन भएको मिति : २०८० असोज १५*

*तेश्रो पटक सूचना प्रकाशन भएको मिति : २०८० कार्तिक १४*

*चौथो पटक सूचना प्रकाशन मिति : २०८० मंसिर २७*

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को घ (६) तथा सोही ऐनको दफा ६४ को उपदफा १ (च) बमोजिम र बागमती प्रदेशको आर्थिक ऐन २०८० को दफा ९ को उपदफा १, अनुसूची ५ तथा सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०८० को दफा १६ अनुसूची १५ मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ **(ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तर)** उत्खनन गरि सिद्धलेक गाउँपालिकाले तोकेको दरमा बिक्री गर्नको लागि बोलपत्र आव्हान गरिएको छ । इच्छुक फर्म कम्पनीहरुले फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाण पत्र, र नेपाली नागरिकताको प्रतिलिपिहरु संलग्न गरि सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र कागजात प्राप्त गरी बोलपत्र कागजातमा रहेका शर्तहरुको अधिनमा रही तोकिएको मिति र समय भित्र www.bolpatra.gov.np/egp मार्फत विद्युतिय माध्यमबाट बोलपत्र प्रकृयामा बढावढ हुने गरी सहभागि हुन सम्वधित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | आ.व. २०८०/०८१ का लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ. कर बाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १. | REVENUE/01/2080/081 | ढुङ्गा, गिट्टी, बालुवा, वेस, चिप्स लगायत नदिजन्य पर्दाथहरुको बिक्री शुल्क उठाउने कार्य । | रु. ८७,३१,३८७.९३ अक्षरुपी सतासी लाख एकतिस हजार तीन सय सतासी र पैसा त्रियान्नब्बे मात्र) | खोला, क्रसर, समेत गरी जम्मा ९,७०,१५४.०० घ. फिट | ३,०००।- (तीन हजारमात्र) | कबोल अंकको ५ प्रतिशत |

बोलपत्र **खरिद तथा पेश** गर्नुपर्ने अन्तिम मिति : २०८० पुष ०४ *गते १२:०० बजे सम्म*

**बोलपत्र खोल्ने मिति, समय र स्थान:**

मिति: २०८० पुष ०४ गते

समय: दिनको १३:०० बजे,

स्थान: सिद्धलेक गाउँपालिकाको कार्यालय, बुङचुङ, धादिङ ।

बैंकको नाम : कुमारी बैंक शाखा सिद्धलेक

बैंक खाता नं. : ०८१००३५१२३१००००५ (बोलपत्र फाराम खरिदको लागि)

बैंक खाता नं. : ०८१००३५१२४६००००१ (धरौटीको लागि)

सञ्जय बहादुर स्याङतान

**प्रमुख प्रशासकीय अधिकृत**

**ठेक्का सम्बन्धी शर्तहरु:**

फर्मको हकमा नवीकरण भएको दर्ताको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाण पत्र भएको र व्यक्तिगत हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत यस कार्यालयको कुमारी बैंकमा रहेको राजश्व खाता नं. ०८१००३५१२३१०००० ५ मा रकम जम्मा गरेको नगद भौचरका साथ निवेदन पेश गरी सार्वजनिक खरीद अनुगमन कार्यालय (PPMO) को वेवसाइट www.bolpatra.gov.np/egp बाट बोलपत्र फाराम Download गरी बोलपत्र फाराममा राखिएको शर्तहरुको अधिनमा रही बोलपत्र सुचनामा तोकिएको मिति र समयमा www.bolpatra.gov.np/egp मार्फत विद्युतिय माध्यमबाट मात्र बोलपत्र पेश गर्न सकिने छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

१) बोलपत्र भर्दा कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ। सारभूत रुपमा प्रभावग्राही बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिनेछ।

२) ठेक्का अवधिः गाउँपालिकासँग ठेक्का सम्झौता भएको मिति देखि २०८१ साल आषाढ मसान्त सम्म रहनेछ। बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ती दावी गर्न पाईने छैन।

३) स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निषेध गरेको भारी मेशीन, उपकरण प्रयोग गर्न र तोकिएको समयावधिमा खानी तथा नदी क्षेत्रवाट सामाग्री उत्खनन् गर्न पाईने छैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री गर्न सकिनेछ।

४) गाउँपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५) बोलपत्रमा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

६) तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रुपमा बुझाउन पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सोमा बोलपत्रदाताले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन।

सन्जय बहादुर स्याङतान
प्रमुख प्रशासकीय अधिकृत

७) कुनै किसिमको परिस्थिति देखाई ठेक्का क्रममा मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

८) बोलपत्रदाताले माथि उल्लेखित ठेक्का अंकमा (१३ प्रतिशत) मुल्य अभिवृद्धि कर समेत थप गरि गाउँपालिकाको विभाज्यकोष खातामा जम्मा गर्नुपर्ने छ । मुल्य अभिवृद्धि कर रकम गाउँपालिकाले राजस्व खातामा जम्मा गरेपछि वोलपत्रदातालाइ सोको जानकारी दिइने छ ।

९) बोलपत्र स्वीकृत गर्न आसयको सुचना प्राप्त गरी निर्धारित समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

१०) बोलपत्रमा स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ५० प्रतिशत रकम अग्रीम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी कवोल अंकको ५० प्रतिशत बराबर रकमको २०८१ भाद्र मसान्तसम्म मान्य अवधि भएको नेपाल राष्ट्रबैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ । ठेक्काको बाँकी किस्ता रकम २०८० चैत्र मसान्त भित्र बुझाइ सक्नुपर्नेछ ।

११) कर तथा शुल्क उठाउन गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दररेट अनुसार उठाउनु पर्ने छ । उक्त दररेट अनुसार संकलन गर्न पाउने अधिकतम परिमाण आवश्यकता अनुसार थप गर्न सकिने छ ।

१२) यस सुचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र फाराम साथ संलग्न गरिएको बिक्री तथा निकासी ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछ । उल्लेखित शर्त पुरा नभएका बोलपत्रहरु मुल्यांकनमा समावेश गरिने छैन । यस शर्तमा उल्लेख भएको कुराको हकमा सोहि वमोजिम हुनेछ भने नभएका कुराहरुको हकमा प्रचलित ऐन, नियम र कानुन तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

अन्य शर्तहरु

१) धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन । धरौटी बापतको बैंक जमानत तथा धरौटी रकम नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

सञ्जय बहादुर स्याङतान
प्रमुख प्रशासकीय अधिकृत

२) ठेक्कामा कुनै विवाद भएमा सिद्धलेक गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

३) नेपाल सरकार तथा बागमती प्रदेश सरकार बाट ढुंगा, गिटी, बालुवा, स्लेट, ग्राभेल र रोडा सम्बन्धी कार्यविधी स्वीकृत गरेको अवस्थामा सो शर्तहरु बोलपत्रदाताले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

४) ठेक्का कवोल गर्ने बोलपत्रदाताले सिद्धलेक गाउँकार्यपालिकाको कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरीने रसिदहरु, बोलपत्रदाताले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

५) बोलपत्रदाताले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साईनवोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६) ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोडा आदिको संकलन शुल्क स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानबाट संकलन गर्न पाईने छैन ।

७) यस गाउँपालिका भित्रका नदी, नालाबाट ढुंगा, गिटी, बालुवा निकाली विक्री तथा निकासी गर्ने क्रममा गाउँपालिकाभित्रका पक्की पुलको तल १००० मिटर, माथि ५०० मिटर वरिपरीको क्षेत्रबाट निर्माण सामग्री उत्खनन् गरी विक्री तथा निकासी गर्न कानुनले पूर्ण रुपमा प्रतिबन्ध लगाएको हुँदा बोलपत्रदाताले सो कुरालाई पूर्णरुपमा ध्यान दिनुपर्नेछ । ढुंगा, गिटी, बालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा र तोकिएको परिमाणमा मात्र उत्खनन गर्न पाईनेछ ।

८) कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिईनेछ ।

९) ढुंगा, गिटी, बालुवा, रोडा आदिको विक्रिका सम्बन्धमा जिल्ला स्तरीय र पालिकास्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु बोलपत्रदाताले पुर्ण रुपले पालना गर्नुपर्नेछ ।

१०) बोलपत्रदाताले कारवाहि वा कालो सूचीमा नपरेको भन्ने स्वःघोषणा पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

११) IEE प्रतिवेदनमा उल्लेखित नदीजन्य तथा खानीजन्य पदार्थ निकाल्न मिल्ने आक्षांश र देशान्तर सहितको विवरण यसै साथको तालिकामा राखिएको छ । ती क्षेत्र भन्दा बाहीरबाट उत्खनन गरेको अवस्थामा तुरुन्त ठेक्का रद्द गरिनेछ । साथै IEE ले तोकेको उपकरणहरु मात्र प्रयोग

सञ्जय बहादुर स्याङतान
प्रमुख प्रशासकीय अधिकृत

गर्न पाईने छ। हेभी उपकरण एक्साभेटर जस्ता हेभी मेसिनरी उपकरण प्रयोग गरी नदीजन्य पदार्थको उत्खनन्, संकलन, प्रशोधन, गर्न पाईने छैन।

१२) बोलपत्र खोलेको ३ दिन भित्र बोलपत्र दाताले धरौटी वापत जम्मा गरेको रकमको सक्कल बैक भौचर वा विडवण्डको सक्कल प्रति यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुपर्ने छ।

१३) बोलपत्र दाताले कालो सूचिमा नपरेको व्यहोरा बोलपत्र फारममा उल्लेखित महलमा नभरेको अवस्थामा बोलपत्र दाताको लेटर प्याडमा भरी पेश गर्नु पर्ने छ।

१४) अन्य बोलपत्र दातालाई प्रभावित गर्ने उद्दश्यले मात्र जमानत समेत नराखी बोलपत्रमा भाग लिने बोलपत्रदातालाई यस कार्यालयबाट प्रकाशन हुने कुनै पनि खरिद कार्बाहिमा १ वर्षसम्म भाग लिन नपाउने गरी कालो सूचीमा राखिने छ।

१५) बोलपत्र फारम साथ कबोल अंकको पाँच प्रतिशतले हुने रकम नेपाल राष्ट्र वैंकबाट (क) वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट १२० दिन म्याद राखी यस कार्यालयको नाममा जारी भएको वैंक जमानत (विड वण्ड) अथवा यस कार्यालयको कुमारी वैंक लिमिटेड सिद्धलेक शाखामा रहेको धरौटी खाता नं. ०८१००३५१२४६०००01 मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

१६) ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु वोलपत्रदाता स्वंयले व्यहोर्नु पर्नेछ।

१७) वोलपत्रदाताले वन प्राकृतिक वातावरण (भु-संरक्षण तथा वातावरणीय सन्तुलन) लाई हानी नोक्सानी नहुने गरी तोकिएको त्रिशुलीनदीको तोकीएका स्थानहरुबाट ग्रावेल, ढुङ्गा, गिट्टी र बालूवा उत्खनन गरी यस गाउँपालिका बाहिर लैजान सक्ने र गाउँपालिका भित्र व्यापारिक, निजी तथा सरकारी काममा प्रयोग हुने ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडा समेतमा गाउँपालिकाको हकमा समेत निर्धारित दररेटमा शुल्क उठाउन पाइने छ।

१८) ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल र रोडा आदि सामाग्रीको कारोवार गर्दा बालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाईने छैन।

१९) सरकारी कार्यालयबाट लगाइने ठेक्का पट्टामा प्रयोग हुने ढूङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडामा शूल्क नलाग्ने भनि सम्झौतामा उल्लेख भै यस कार्यालयको स्वीकृत पत्र प्राप्त भएकोमा वाहेक अन्य ठेक्का पट्टामा बिक्री शुल्क उठाउन कुनै अबरोध रहने छैन।

सञ्जय बहादुर स्याङतान
प्रमुख प्रशासकीय अधिकृत

२०। कार्यालयले सम्झौता गर्दाका बखत बोलपत्रदातालाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को प्रतिलिपि उपलब्ध गराइने छ। बोलपत्रदाताले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाइने छैन ।

२१। एक ठाँउमा ढुंगा गिट्टी, बालुवा, ग्रावेल र रोडामा बिक्रि शूल्क बुझाइ सकेकोलाई र अन्य जिल्लाबाट यस गाउँपालिका हुँदै निकासी हुने ढुंगा, गिट्टी, बालुवा, ग्रावेल र रोडामा थप रकम उठाउन पाईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत